# सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२

## चन्द्रनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चन्द्रनगर,सर्लाही
## मधेश प्रदेश, नेपाल

# सुरक्षित आप्रवासन सम्बन्धी कार्यवधि२०८२

**स्वीकृत मितिः२०८२/०१/३१ गते**

**प्रस्तावना:**

नेपालको संविधान २०७२ को अनुसूची ८ को  खण्ड ५,६,७ र १७ मा भएको व्यवस्था वमोजिम चन्द्रनगर गाउँपालिकाको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ कोदफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्र वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न, विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र  सामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले चन्द्रनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४बमोजिम चन्द्रनगर गाउँपालिकाले **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८२"** स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिकोनाम 'सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि२०८२ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि तुरून्त लागू हुनेछ।

**२. परिभाषा तथा व्याख्या: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क)"आप्रवासी स्रोत केन्द्र" भन्नाले वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्नेजिल्ला प्रशासन कार्यालयको प्राङ्गणबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवादिने केन्द्रलाई सम्झनु पर्छ।

(ख)"ईकाई" भन्नाले यस गाउँपालिकाको संगठनात्मक संरचना अन्तर्गत रहेको सामाजिक विकास शाखा अन्तर्गत रहेको श्रम तथारोजगारइकाईलाई सम्झनु पर्छ।

(ग)"ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ।

(घ)"कार्यविधि" भन्नाले 'सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२' लाई सम्झनु पर्छ ।

(ङ)"बोर्डको सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्छ ।

(च)"संघिय मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) 'प्रदेश मन्त्रालय' भन्नाले श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश सम्झनु पर्दछ ।

(ज)"मोड्युल" भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास, सामुदायिक अभिमुखीकरण, गहन अभिमुखीकरण, आप्रवासी स्रोत केन्द्र व्यवस्थापन तथा संचालन, रिटर्नी स्वयंसेवक परिचालन लगायतको सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित चन्द्रनगर गाउँपालिकाले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्छ ।

(झ) "स्थानिय तह" भन्नाले यस चन्द्रनगर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ञ)"विभाग" भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्छ ।

(ट)"सम्बन्धित निकाय" भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तब्यमुलुकमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

(ठ)"सेवा प्रदायक /विशेषज्ञ" भन्नाले यस स्थानिय तह द्धारा सर्वजनिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरि बैदशिक रोजगारी सम्बन्धी सुचना तथा परामर्श , सिप तालिम ,कानुन सेवा, वित्तीय साक्षरता , मनोसमजिक परामर्श वा उधम विकाशको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति / संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य

**३. कार्यविधिको उद्देश्यः यस कार्यविधिका उद्देश्य निम्नानुसार छन ।**

(क) यस चन्द्रनगर गाउँपालिकाबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित/मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पु-याउने ।

(ख) वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिलाई लक्षित कार्यक्रम तर्जुमा गर्ने र सो कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) वैदेशिक रोजगारसँग सम्वन्धित कार्यक्रमहरु अन्य चन्द्रनगर गाउँपालिका, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(घ) वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति र तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिलाई लक्षित गरी चन्द्रनगर गाउँपालिकाले आफ्नो पालिकामा सञ्चालित रोजगार सेवा केन्द्रबाट आफ्नो गाउँपालिका क्षेत्र भित्रका लक्षित सेवाग्राहीलाई सो श्रम तथा रोजगार (आन्तरिक र वैदेशिक) सम्बन्धी सेवाहरु प्रवाह गर्ने ।

(ङ) मन्त्रालय,विभाग, वोर्ड र सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(च) वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधिहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने।

## परिच्छेद-३
## योजना तर्जुमा,तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु

### ४. सुरक्षित आप्रवासन सम्बन्धी तथ्यांक संकलन,योजना तर्जुमातथा कार्यान्वयन:

#### ४.१ वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन:

(क) स्थानिय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्ने छ ।उक्त कार्यको लागि गाउँपालिकाले गणक नियुक्त गरेर वा चन्द्रनगर गाउँपालिकामा कार्यरत रहेका रिटर्नी स्वयंसेवक परिचालन गर्न सकिनेछ।

(ख) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको परिचालन गरी तथ्यांक संकलन एवम् सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गरिनेछ ।स्वयंसेवक परिचालन तथा व्यवस्थापन गाउँपालिकाको सामाजिक विकास शाखा अन्तर्गत रहेको श्रम तथा रोजगार ईकाईले गर्नेछ।

(ग) चन्द्रनगर गाउँपालिकाले तथ्यांक संकलन गर्दा वा हाल वैदेशिक रोजगारमा रहेको संख्या, सीप तालिम लिनेको संख्या तथा सूचनामा आप्रवासी कामदारको पहुँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु रआप्रवासी कामदारहरूले सामना गर्नु परेको समस्या (आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिनेछ।

(घ) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पुँजी र उनीहरुद्वारा सञ्चालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिनेछ।

(ङ) चन्द्रनगर गाउँपालिकाले संकलन गरेको तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिनेछ।

#### ४.२सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा जानकारी प्रवाह:

**(क)आप्रवासी उप-स्रोत केन्द्र / रोजगार सुचना केन्द्र संचालन तथा व्यवस्थापन:**

अ) स्थानिय तहले वैदेशिक रोजगारीलाई सुरक्षित,मर्यादितर शोषण रहित बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी उप-स्रोत केन्द्र रोजगार सुचना केन्द्र /स्थापना गरी सञ्चालन गर्नसकिनेछ।

आ) वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिनेछ। यस चन्द्रनगर गाउँपालिका अन्तरगतको रोजगार सेवा केन्द्रबाट आफ्नो चन्द्रनगर गाउँपालिका क्षेत्र भित्रका लक्षित सेवा ग्राहीहरुलाईसुरक्षित वैदेशिक रोजगार सम्वन्धि सेवाहरु प्रवाह गर्ने छ। यसरी सञ्चालन गरिने कार्यक्रमले स्रोत केन्द्र र राष्ट्रिय आप्रवासी स्रोत केन्द्र सँग समन्वय गरी सेवा प्रदान गर्नु गर्ने छ ।

इ)रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारको सिलसिलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ ।

ई)आप्रवासी उप-स्रोत केन्द्रले सूचना प्रवाहलाई व्यापकता दिनको लागि संचार मध्यमहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

**(ख) रिटर्नी स्वंमसेवक परिचालन:**

अ) चन्द्रनगर गाउँपालिकाले सुरक्षित आप्रवासन सम्बन्धी सूचना प्रवाह गर्नकालागि वैदेशिक रोजगारमा गई फर्कीएका रिटर्नीहरू परिचालन गरिनेछ। फर्कीएका रिटर्नीहरूले वैदेशिक रोजगारी सुरक्षित हुने उपाय, ठगिबाट बच्नका उपाय तथा न्यायमा सहजिकरण लगायतका बिषयहरुमा घरघरमा सूचना तथ जानकारी प्रदान गर्नेछ ।यसका लागि खाडी वा मलेशिया मुलुकमा वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका व्यक्तिलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालिन कर्मचारीका रुपमानियुक्त गरी परिचालन गर्न सकिनेछ।

आ) **रिटर्नीहरुको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ ।**

१. चन्द्रनगर गाउँपालिकाक्षेत्र भित्रका गाउँ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगारका लागि आवश्यक आधारभूत सूचनाहरु घरघरमा सम्प्रेषण गर्ने ।

२. वैदेशिक रोजगार सम्बन्धीठगि, उद्दार लगायतका समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सेवाको लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउने।

३. स्थानीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्ने ।

४. चन्द्रनगर गाउँपालिकाको वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन गर्ने तथा सो को अभिलेख व्यवस्थापन गर्न सहयोग पुर्याउने ।

५. चन्द्रनगर गाउँपालिकाको बार्षिक योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

**(ग) समुदायीक सचेतनामुलक कार्यक्रमः**

अ) चन्द्रनगर गाउँपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुनसक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा सुचना दिनकोलागि अभिमुखिकरण कार्यक्रम सञ्चालनगरिनेछ ।

आ) समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि चन्द्रनगर गाउँपालिकाले मोड्युल तयार गर्नेछ। प्राविधिक संस्थाबाट प्राप्तवा नेपाल सरकारबाट मोड्युल अनुसार संचालन गरिने छ।

इ) चन्द्रनगर गाउँपालिकाले समुदायस्तरमा अभिमुखीकरणको अलावा चन्द्रनगर गाउँपालिका तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा प्रचार प्रसारगरिनेछ।

**४.३. सीप तालिम सञ्चालन तथा सहजिकरणः**

(क)वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरुको लागि वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय, प्रदेश सरकार तथा नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT)) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापनगरीनेछ।

(ख) सीप विकास तालिम संचालन गर्दा गन्तव्य मुलुकको आवश्यक्ता तथा मापदण्ड अनुरुप तयार भएका पाठ्यक्रम को प्रयोग गरीने छ । तथा आबश्यकता अनुसार चन्द्रनगर गाउँपालिका स्वयंले नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT), वैदेशिक रोजगार बोर्डको सचिवालयर तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा पाठ्यक्रमनिर्माण गरी तालीम कार्यक्रम संचालन गर्न सकिने छ ।

**४.४.न्यायमा सहजिकरणः**

(क)वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्र/रोजगार सूचना केन्द्र मार्फत सहजिकरण गरिनेछ ।

(ख)त्यस्ता समस्याहरुमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग,वैदेशिक रोजगार न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुताबास र यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरुसँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइनेछ।

(ग) वैदेशिक रोजगारीसँग सम्बन्धित ठगीका सम्सया न्यायिक समितीको क्षेत्रधिकार भन्दा बाहिरको वियय भएकोले न्यायिक समितीले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरु सँग समन्वय तथा सहकार्य गर्ने छ।

**४.५. वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमः**

(क)वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रीय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि विप्रेषणप्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ।

(ख) वित्तीय साक्षरता कक्षा सञ्चालन गर्नका लागि फरक-फरक मोडयुल तथा पाठयक्रम विकास गरी स्थिनिय तह ले सञ्चालन गर्न सक्नेछ।

(ग) वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि वैदेशिक रोजगार बोर्ड, वित्तीय संस्थाहरु तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ।

(घ) वित्तीय साक्षरता कक्षा पश्चात सहभागीले कक्षामा बचत बृद्दि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन्।

(ङ)वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गर्न सकिनेछ।

(च)वित्तीय साक्षरता सहजकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ।

(छ) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सकिनेछ। उक्त कार्यको लागि अनुसूची ३ अनुसारको मोड्युल तयार गरि वा सरकारबाट प्राप्त मोड्युल लागु गरिने छ।

**४.६. सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः**

(क) वैदेशिक रोजगारबाटफर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरकोसम्भाव्यतार सरोकारवाला व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

(ख) चन्द्रनगर गाउँपालिकामा युवा लक्षित कार्यक्रम संचालनका लागि उद्यम विकास कोष स्थापना गर्न सकिनेछ।

(ग) कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइनेछ । जसका लागि आवश्यक मापदण्ड तयार गरिनेछ ।

(घ) विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिनेछ ।

(ङ) उक्त विदेशबाट फर्किएर आएका जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा सञ्चालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिनेछ ।

(च) वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षणकार्यक्रम संचालन गरिनेछ । उक्त सीप परीक्षणका कार्यक्रम संचालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ ।

**४.७ मनोसामाजिक परामर्श सेवाः**

(क) वैदेशिक रोजगारमा गएका व्यक्ति र निजका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ख) मनोसामाजिक सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिनेछ । मनोसामाजिक परामर्शकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्नेछ ।

(घ) प्रभावकारी मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ संस्था/निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ङ) उक्त सेवालाई चन्द्रनगर गाउँपालिकाले आफ्नो स्वास्थ्य शाखामा आन्तरिकिकरण गर्नेछ । सो सेवा संचालनका लागि आवश्यक मोड्युल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी कार्यान्वयन गरिनेछ ।

(च) मनोसामाजिक परामर्शका लागि चन्द्रनगर गाउँपालिका भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्नसकिनेछ।

(छ) गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सकिनेछ।

(ज) वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ।

(झ) भए गरेका कार्यहरुको प्रगति HMIS(Software) मार्फत प्रतिवेदन गरिने छ।

**४.८. छात्रावृत्ति कार्यक्रमः**

(क) चन्द्रनगर गाउँपालिकाक्षेत्रभित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भईअविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिनेछ।

(ख) बेपत्ता भएका व्यक्तिको बालबालिकाहरुलाई समेटिनेछ।

(ग) छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्डकोसचिवालय मार्फत प्रदान गर्ने छात्रवृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिनेछ।

(घ) छात्रवृत्ति वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने रकम बराबर प्रदान गरिनेछ।

(ङ) छात्रवृत्ति प्रदान गर्दा सरकारी, सामुदायिक तथा संस्थागत विधालयमा अध्ययनरत १८ बर्ष सम्मका विधार्थीहरुलाई प्रदान गरिनेछ।

(च) छात्रवृतिका लागि आवेदन दिदा चन्द्रनगर गाउँपालिका भित्रको विद्यालयमा अध्ययनरत भएको र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग,बेपत्ता भएको प्रमाण सहितको कागजात गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(छ) प्राप्त निवेदनहरुलाई गाउँपालिकाले आश्यक छानविन गरी छात्रावृत्ति प्रदान गर्नेछ। निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना रुपनी गाउँपालिकाले तयार गरि कार्यान्वयनमा ल्याउनेछ।

**४.९. अन्तरक्रिया तथा छलफल कार्यक्रम**

(क) बैदशिक रोजगार बहु सरोकारको क्षेत्र भएकोले स्थानिय तथले एकल प्रयासले पुर्ण नहुने भएको ले बैदेशिक रोजगार लाई सुरक्षित ,व्यवस्थित, मर्यादित र उपलब्धि मुलक बनाउन तथा बैदेशिक रोजगारी बाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सिपलाई प्रभावकारी रुपमा परिचालनका लागि आवश्यक वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवाला सँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ।

(ख) स्थानिय तथको टोलटोलमा बैदेशिक रोजगारी सम्बन्धि छलफल, गोष्टि, तालिमको आयोजना गरि जनचेतना वृद्धि गरिने छ।

## परिच्छेद ४

## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

५. **सम्बन्धित विषयगत शाखा निर्धारण**:स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-११(प्रशासकीय संगठन)को दफा ८३ बमोजिम कार्यपालिका एवं गाउँसभाको निर्णय अनुसारश्रम तथा रोजगार शाखा स्थापना गरेर आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धीकार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिने छ । उक्त शाखाले अन्य शाखा/उप-शाखाहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ ।उक्त शाखाको संयोजन तथा शाखा प्रमुखको जिम्मेवारी रोजगार संयोजकले गर्नेछ ।

**६. सुरक्षित आप्रवासन व्यवस्थापन निर्देशक समिति:**

क. वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यन्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वयलगायतका कार्यमा दिशानिर्देश गर्न देहाय बमोजिमको सुरक्षित आप्रवासन निर्देशक समितिको व्यवस्था गरिएको छ ।

गा.पा.अध्यक्षः -प्रमुख
गा.पा उपाध्यक्ष: - उप-प्रमुख
सदस्य: - प्रमुख प्रशासकीय अधिकृत,
सदस्य: -सामाजिक विकास शाखा प्रमुख,
सदस्य: -आर्थिक विकास शाखा प्रमुख,
सदस्य:-स्वास्थ्य शाखा प्रमुख,
सदस्य सचिव:-रोजगार संयोजक (श्रम तथा रोजगार शाखा प्रमुख)
आमन्त्रित सदस्य: -उद्यमशिलता विकास अधिकृत (मेडपा),
- श्रम तथा रोजगार बिषय हेर्ने मन्त्रालयको अधिकृत/प्रतिनीधि, मधेश प्रदेश
-जिल्ला प्रशासन/ईलाका प्रशासन कार्यालय प्रतिनिधि,
- अध्यक्ष,आप्रवासी हकहित सञ्जाल,
-जिल्ला/ईलाका प्रहरी कार्यालय प्रतिनिधि,
-वैदेशिक रोजगारीको क्षेत्रमा कामगर्ने संस्थाकाप्रतिनिधि,
-विषय विज्ञ/प्राविधिक संस्था (सामी-हेलभेटास नेपाल)

सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**७. आप्रवासन सुरक्षित आप्रवासन व्यबस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशानिर्देश गर्ने,

(ख) अन्य चन्द्रनगर गाउँपालिकाहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका मन्त्रालय, विभागर वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) आप्रवासी उप-स्रोत केन्द्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यक सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै उक्त स्रोत केन्द्र प्रभावकारी सन्चालनका लागि आवश्यक दिशानिर्देश गर्ने वा चन्द्रनगर गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवा प्रवाहको लागि आवश्यक कार्य गर्ने,

(घ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,

(ङ) रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्ने, सीपयुक्त र ठगि मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,

(च) निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी स्रोत केन्द्र लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने । साथै उपमेयरको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,

(छ) अन्य विषयगत शाखा/समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(ज) आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(झ) सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

(ञ) वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिसानिर्देश गर्ने ।

## परिच्छेद-५

## श्रोत तथा जनशक्ति व्यस्थापन

### ८. श्रोत व्यवस्थापन:

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र चन्द्रनगर गाउँपालिकाको अन्तरिक श्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ । यसको साथै अन्य चन्द्रनगर गाउँपालिकाहरु, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

**कर्मचारी परिचालन तथा व्यवस्थापन खाका**

| कर्मचरीको पद तथा तह | बजेट व्यवस्थापन जिम्मेवारी निकाय | कफियत |
|---|---|---|
| मनेसामजिक परामर्शकर्ता (पाँचौ तह सरह) | संघ सरकारको श्रम,रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय | ५०% तलब तथा सुविधा र १००% फिल्ड भ्रमण खर्च |
| | स्थानिय तह | ५०% तलब तथा सुविधा |
| वित्तीय साक्षरता सहजकर्ता (पाँचौ तह सरह) | संघ सरकारको श्रम,रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय | ५०% तलब तथा सुविधा र १००% फिल्ड भ्रमण खर्च |
| | स्थानिय तह | ५०% तलब तथा सुविधा |
| रिटर्नी स्वयसेवक | स्थानिय तह | जिवन निर्वाह भता /तलव तथा सुविधा र फिल्ड भ्रमण खर्च |

### ९. आवश्यक जनशक्ति व्यवस्थापन:

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता | १ | सहायक पाँचौ | - मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोबिज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word,Excel,Power point,Email/internet आदि |

| | | | |
|---|---|---|---|
| | | | भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । |
| वित्तीय साक्षरता सहजकर्ता | १ | सहायक पाँचौ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन वा शिक्षण वा सहकारी वा बैक तथा बित्तीय संस्था सम्बन्धी अनुभव भई वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको तथा व्यवस्थापन संकाय पढेकालाई ग्राह्यता दिइने छ ।<br>- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word,Excel,Power point,Email/internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । |
| आप्रवासी उप–स्रोत केन्द्र परामर्शकर्ता | १ | सहायक पाँचौ | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगार क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको। अनलाईन डाटा ईन्ट्री र प्रतिवेदन सम्बन्धी ज्ञान, सहकार्य सम्बन्धी ज्ञान, वैदेशिक रोजगार ऐन, नियम तथा निर्देशिका र कानून सम्बन्धी ज्ञान भएको । |
| रिटर्नी परिचालन | आवश्यकता अनुसार | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरि फकिएको हुनुपर्ने छ । सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको । साथै लागि मलेशिया वा खाडिमुलुकमा गई फर्केकालाई प्राथमिकता दिईनेछ । |

आवश्यकता अनुसार कर्मचारीहरु भर्ना तथा नियुक्त गर्दा चन्द्रनगर गाउँपालिकाको कर्मचारी भर्ना सम्बन्धी निर्देशिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिने छ । यस सन्दर्भमा हाल कार्यरत जनशक्तिहरुको क्षेत्रगत विज्ञता तथा दक्षताको आधारमा क्रमश :अन्तरीकरण गरी वैदिशक रोजगारीको क्षेत्र व्यवस्थापनलाई कार्यक्रम दिगोरुपमा संचालन गरिनेछ ।

## परिच्छेद-६

विविध

**१०. समन्वय तथा सहकार्य :**वैदेशिक रोजगारीको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य चन्द्रनगर गाउँपालिकाहरु, प्रदेश सरकार,श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालयतथा दातृ निकाय रविकास साझेदारहरुको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धीकार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै चन्द्रनगर गाउँपालिकाले सञ्चालन गरेका सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय,जिल्ला शिक्षा समन्वय

ईकाई, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरु, आप्रवासनको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरु तथा अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईनेछ।

११. **सन्दर्भसामाग्री निर्माण:**यस कार्यक्रम संचालनका लागि आवश्यक पर्ने मोड्युल वा फारम वा अनुसूची वा कार्यविधि आवश्यक्ता अनुसार निर्माण गरि समितिबाट स्वीकृत गराई कार्यान्वयन गरिने छ।

१२. **कार्यविधि संशोधन गर्न सक्ने:** चन्द्रनगर गाउँपालिकाको कार्यपालिका वैठकको वहुमतको निर्णयानुसार आवश्यकता का आधारमा यो कार्यविधि संशोधन गर्न सकिनेछ ।यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा गाउँपालिका प्रमुखकले तत्काल चन्द्रनगर गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ। यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

*****